# बधशालाको गीत

*स्वप्निल स्मृति*

म सुनिरहेछु प्रष्ट-
बधशालामा गीत बजिरहेको छैन ।

गीत भन्नु त
जीवनको/परिवर्तनको प्रतीक हुन्छ
मन छुने बडो हार्दिक हुन्छ ।

म देखिरहेछु प्रत्यक्ष-
बधशालामा गायक देखिइरहेको छैन
उभिएको छ फगत् एउटा कसाई
अर्को गोलार्द्धको आधुनिक आरनमा अर्जापिको
परम्परागत हतियार त्यो-
नचाइरहेछ-आस्थाको राजधानी छातीमा
पछारिरहेछ-चेतनाको सदरमुकाम मष्तिस्कमा
तेर्स्याएको छ-आवाजको राजमार्ग सुन्दर गलामा
कि उस्को मुटुले रेटिरहेको छैन-
सम्बेदनाको गाइने-सारंगी
न त उ जीवनको सप्तक-मुर्च्छना नै
हार्मोनियममा बजाइरहेछ ।

म हेरिरहेछु आँखा चिम्लिएर-
छिया-छिया परेको अचानो र
मनुवा रगतले खिया लागेको तरबार ।

रगतले लत्पतिएको आँगन छ
उमात्र छ,
नरभक्षी पाइतालाका काला डोबहरु
हिंश्रक नृत्य नाचिरहेछन्
आतंक उभिएको मौलो वरिपरि ।

मसंग स्वयंभुको आँखा छ
म त्यहाँ देखिरहेको छैन कुनै कलात्मक 'थिएटर'
यो सत्य हामी सबैसित छ ।

हो, म सुनिरहेछु कान बन्द गरेर-
'छ्याक्....छ्याक्.....' छ्प्कन र 'खिद्रिङ्... खिन्द्रिङ...'
चक्कुको
बिंड फुस्किएको कर्कश संगीत
कि म सुनिरहेछु-
गाइरहेको छैन गीत बुढो कसाई
उसँग
मान्छेको गीत छैन
त्यैपनि सरकारी टेलिभिजनले
विज्ञापन देखाइरहेछ-
कि यहाँ अभूतपूर्व संगीत महोत्सव भइरहेछ ।